अङ्क 14

DeKalb County School District को परिवारलाई अभिभावन,

मैले आशा गरेको छु गएको हप्ता सबै जनाको उत्कृष्टसँग बित्यो । हामीले विद्यालयमा विद्यार्थीहरूको प्रत्यक्ष उपस्थितिको साथमा विद्यालय पुन: सुचारू गर्ने तयारी गरिरहँदा आफ्नो प्रतिक्रिया दिनु भएकोमा सबैलाई धन्यवाद । डिस्ट्रिक्टले Georgia Department of Public Health (DPH), Georgia Department of Education, र DeKalb County Board of Health को निर्देशिका पालना गरिरहेको छ । DeKalb County Board of Health बाट प्राप्त DeKalb काउन्टीका प्रत्येक 100,000 बासिन्दाहरूको 14 दिनको औसत अवधिको तथ्याङ्कको परिणाम स्वरूप, हामी सम्भव भएको अवस्थामा डिस्ट्रिक्टलाई विद्यालयहरू नियमित रूपमा सञ्चालन गर्ने हाम्रो योजनाको दोस्रो चरणमा लैजाने तयारी गरिरहेका छौं । (अस्वीकारोक्ति: Georgia Department of Public Health ले सङ्ख्याको बारेमा जानकारी प्रदान गर्छ र नयाँ जानकारी प्राप्त भएसँगै तथ्याङ्क अद्यावधिक गर्छ).

आजको दिनसम्म, 103 को औसत देखिएको छ । औसत सङ्ख्या निरन्तर रूपमा हरेक दिन निगरानी गरिनेछ किनभने हामीलाई हाम्रा लागि उपलब्ध भएको विज्ञान र तथ्याङ्कले निर्देशित गर्छ । DCSD को COVID-19 को विद्यालय पुन सुचारू गर्ने कार्यबलले सबै विद्यार्थी, संकाय, र कर्मचारीहरूको सुरक्षा तथा स्वास्थ्य सुनिश्चित गर्न तथ्याङ्कलाई निरन्तर रूपमा अध्ययन गर्छ र अधिकार पाए अनुसारको समायोजन गर्छ ।

हाम्रो अन्तिम पटकको सक्रियतापछि, हामीले DCSD का शिक्षक तथा अभिभावक सल्लाहकार समिति र धेरै प्रधानाध्यापकहरूको प्रतिक्रिया प्राप्त गर्न उहाँहरूसँग भेटघाट गर्यौं । विद्यालयको नियमित सञ्चालन (विद्यार्थीहरू विद्यालयमा उपस्थित भएर दिइने शिक्षण) मा फर्कनेसम्बन्धमा फरक-फरक विचारहरू आदान-प्रदान गरेका र चिन्ता व्यक्त गरेका अभिभावकहरू तथा समुदायका सरोकारवालाहरूको बारेमा डिस्ट्रिक्टलाई थाहा छ । हामीलाई थाहा छ कि केही अभिभावकहरू विद्यालयहरू तत्कालै खुलोस् भन्ने चाहनुहुन्छ तर पनि सुरक्षित भएर चरणबद्ध रूपमा विद्यालयहरू पुन: सुचारू गर्नका लागि के कुरा याद गर्नु महत्त्वपूर्ण हुन्छ भने हामीले समुदायका सबै सरोकारवालाहरूको चिन्ताहरू सम्बोधन गर्नु पर्दछ ।

DCSD को COVID-19 सम्बन्धी विशेषज्ञ टोलीको दैनिक रूपमा भेटघाट हुन्छ र यसले हाम्रा कक्षाकोठाहरू, स्थानहरू र बसहरू सुरक्षित हुने छन् र हामीसँग सबै सरोकारवालाहरूका लागि सुरक्षित वातावरण हुनेछ भनेर सुनिश्चित गर्न के कुरा आवश्यक पर्छ भनेर निरन्तर रूपमा मूल्याङ्कन गर्नेछ । चालू महामारीका दौडान हाम्रा विद्यार्थीहरू, शिक्षकहरू, र कर्मचारीहरूलाई सुरक्षित राख्ने कुरा डिस्ट्रिक्टको मुख्य प्राथमिकता भित्र पर्दछ ।

कर्मचारी

अक्टोबर 19 मा, DCSD को विद्यालय पुन: सुचारू गर्ने कार्यबलले DeKalb County Board of Education समक्ष हाम्रो समयरेखाका सम्बन्धमा अद्यावधिक योजना प्रस्तुत गर्नेछ । हामी अभिभावकहरू, शिक्षकहरू, र समुदायका अन्य सरोकारवालाहरूको प्रतिक्रियाको आधारमा आमनेसामने रूपमा प्रदान गरिने शिक्षण योजना निरन्तर रूपमा परिष्कृत गरिरहेका छौं ।

विद्यार्थीहरू
गत हप्ताको अद्यावधिकमा छलफल गरे अनुसार विद्यार्थीहरूले तेस्रो चरणमा प्रवेश गर्नु अगाडि दोस्रो चरणको दूर शिक्षा/रिमोट लर्निङको सिकाइलाई निरन्तरता दिने छन्। तेस्रो चरणमा, आमाबाबु/अभिभावकहरूसँग मिश्रित सिकाइ (hybrid learning) वा दूर शिक्षा/रिमोट लर्निङको विकल्प हुन्छ। आमाबाबु/अभिभावकहरूले प्रत्येक बच्चाका लागि आफूले रुचाएको विकल्प चयन गर्न सकुन् भनेर अक्टोबर 09 मा फिर्ता हुने आशयको फाराम (Intent to Return Form) वितरण गरिएको थियो। प्रतिक्रियाहरूले स्थानीय विद्यालयहरूलाई मिश्रित शिक्षा (hybrid learning) का दौडान कक्षाकोठाहरूमा सामाजिक दूरीका आवश्यकताहरू कायम गर्न विद्यार्थीहरूलाई साना समूहहरूमा विभाजन गर्न र तेस्रो चरण सुरु भएपछि घरबाट अनलाइन कक्षाहरू लिन चाहने विद्यार्थीहरूको बारेमा योजना बनाउन अनुमति दिनेछ।

लिङ्क: https://dekalb.co1.qualtrics.com/jfe/form/SV_cO7CQFP10BWfwuF

विचार गरिएका सिकाइ पद्धतिहरू निम्नअनुसार छन्:

मिश्रित सिकाइ पद्धति (आमनेसामने भएर प्रदान गरिने शिक्षण र दूर शिक्षा/रिमोट लर्निङको संयोजन):

मिश्रित सिकाइ पद्धति आफ्ना बच्चाहरूलाई दूर शिक्षा/रिमोट लर्निङको संयोजन भएको परम्परागत सिकाइ वातावरण (विद्यालयमा उपस्थित भएर आमनेसामने भएर प्रदान गरिने शिक्षण वातावरण) मा पठाउन सहज मान्ने परिवारहरूका लागि तयार गरिएको हो। विद्यार्थीहरूले परम्परागत शिक्षण पद्धतिमा विद्यालयमा उपस्थित भएर शिक्षक तथा सहपाठीहरूसँग सुरक्षित भएर अन्तरक्रिया गर्ने अवसर प्राप्त गर्ने छन्। परिवारहरूले अर्को शिक्षा पद्धतिमा फिर्ता हुने आशयको फाराम (Change of Intent to Return Form) भरेर जुनसुकै समयमा दूर शिक्षा/रिमोट लर्निङको विकल्प चयन गर्न सक्छन्।

विद्यार्थी तथा कर्मचारीहरूले अनिवार्य रूपमा अनुहार ढाक्ने कपडा वा मास्क लगाउनु पर्दछ। साथै, विद्यार्थीहरूले विद्यालयमा अनिवार्य रूपमा डिस्ट्रिक्टले प्रदान गरेको वा आफ्नो व्यक्तिगत उपकरण ल्याउनु पर्दछ।

दूर शिक्षा/रिमोट लर्निङ पद्धति:

दूर शिक्षा/रिमोट लर्निङ पद्धति अहिलेको समयमा आफ्ना बच्चाहरू आमनेसामने ढाँचामा विद्यालयमा फिर्ता हुने कुरामा सहज नमान्ने परिवारहरूका लागि तयार गरिएको हो। विद्यार्थीहरूले विद्यालयद्वारा प्रदान गरिएको भर्चुअल ढाँचामा अध्ययनलाई निरन्तरता दिने छन्। परिवारहरूले स्थानीय विद्यालयमा अर्को शिक्षा पद्धतिमा फिर्ता हुने आशयको फाराम (Change of Intent to Return Form) भरेर प्रत्येक 4.5 हप्ताको ग्रेडिङ अन्तरालमा नियमित शिक्षण पद्धति (विद्यालयमा उपस्थित भएर लिइने शिक्षण) मा जाने विकल्प चयन गर्ने अवसर प्राप्त गर्ने छन्।

सबै परिवारहरूलाई अक्टोबर 23, 2020 भित्र फिर्ता हुने आशयको फाराम (Intent to Return Form) पूरा गर्न प्रोत्साहित गरिन्छ ।   फाराम पूरा गर्नु अगाडि, कृपया  आफ्नो बच्चाको विद्यार्थी पहिचान नम्बर (लन्च नम्बर वा क्रोमबुक लगइन नम्बर) प्राप्त गर्नुहोस् । तपाईंसँग आफ्नो बच्चाको पहिचान नम्बर छैन भने, अभिभावक पोर्टलमा जानुहोस्, बच्चाको अन्तिम प्रगति रिपोर्ट हेर्नुहोस् वा त बच्चाका शिक्षकलाई सम्पर्क गर्नुहोस् ।

विद्यालय पुन: सुचारू गर्ने हाम्रो योजनाका अरू चरणहरूका लागि हाम्रा विद्यार्थी तथा परिवारहरूलाई तयार गर्ने कुरा हाम्रो उच्च प्राथमिकता भित्र पर्छ । तपाईं यो समाचारपत्र, DCSD को हाम्रो वेबसाइट, विद्यालयको वेबसाइट, स्कूल मेसेन्जर र सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, र इन्स्टाग्राम) मार्फत विद्यालय पुन: सुचारू गर्ने योजनका सम्बन्धमा निरन्तर रूपमा नियमित अद्यावधिकहरू अपेक्षा गर्न सक्नुहुन्छ ।

स्थलगत कुरा

म क्षेत्र I की सुपरिन्टेन्डेन्ट सुश्री Melanie Pearch सँग स्थलगत भ्रमणमा जोडिन पाउँदा खुसी भए । क्षेत्रीय सुपरिन्टेन्डेन्ट Pearch र मैले Ashford Park Elementary, Doraville United Elementary, र Chamblee High School को भ्रमण गर्यौं । Kittredge Magnet ES र Austin ES लाई ब्लू रिबन स्कूल (Blue Ribbon Schools) बनेकोमा बधाइ छ । Cross Keys मा भएको विद्यार्थी वृद्धि र आफ्ना विद्यालयहरू प्रति प्रतिबद्ध यो समूहका भेटेरन प्रिन्सिपलहरू देख्दा अत्यन्तै खुसी पनि लाग्यो । Sequoyah Middle का प्रधानाध्यापक Cedric Anthony ले भने जस्तै , "हामी रुखहरूलाई बढ्न सहयोग गर्ने बीउ रोप्छौं जसले छहारी प्रदान गर्नेछ जस मुनि हामी कहिल्यै बस्ने नपाउन सक्छौं ।"

मलाई सम्पर्क गर्न र प्रश्न सोध्न वा अमूल्य प्रतिक्रिया प्रदान गर्न निरन्तर रूपमा समय निकाल्ने धेरै परिवारहरूलाई म धन्यवाद दिन चाहन्छु । प्रत्येक व्यक्तिले प्रतिक्रिया प्राप्त गर्ने छन् भनेर सुनिश्चित गर्ने प्रयास स्वरूप, आफ्ना प्रश्नहरू र प्रतिक्रिया क्षेत्रीय सुपरिन्टेन्डेन्ट र प्रधानाध्यापक समक्ष राख्नुहोस् । मलाई थाहा छ कि यो DCSD का हाम्रा धेरै परिवारहरूको लागि अत्यन्त तनावपूर्ण समय हो । भर्खर सुरु हुँदै गरेको शैक्षिक वर्षमा हामी अभ्यस्त हुँदै गर्दा, म हाम्रा विद्यार्थीहरूको सुरक्षा र शैक्षिक उत्कृष्टता प्रति मेरो अटुट प्रतिबद्धतामा जोड दिन चाहन्छु ।

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris